

प्रोफेसनल ट्रेनिङ कलेज

नाकानो स्कूल अफ बिजनेस

# अक्टोबर सत्रका लागि अन्तर्राष्ट्रिय विद्यार्थी भर्ना मार्गदर्शिका



**सन् 2026 अक्टोबर सत्रको अन्तर्राष्ट्रिय विद्यार्थी भर्ना सम्बन्धी विवरण निम्नानुसार सूचित गरिन्छ।**

## 1. आवेदन अवधि

| | आवेदन सुरु मिति | ध्यान दिनुपर्ने कुराहरू |
|---|---|---|
| **पहिलो चरण** | 2026/5/7 (बिहीबार) ~ | **कार्यालय समय : बिहान 9:30 ~ साँझ 4:30**<br>※ निर्धारित कोटा पूरा भएमा आवेदन बन्द गरिनेछ। |
| **दोस्रो चरण** | 2026/7/9 (बिहीबार) ~ | |

## 2. भर्ना विभाग

| विभागको नाम | अध्ययनको अवधि | उपाधि |
|---|---|---|
| **म्यानेजमेन्ट बिजनेस विभाग** | 2 वर्ष | **सेन्मोनशी (डिप्लोमा)** |

कक्षा समय : हप्ताको 5 दिन (सोमबार ～शुक्रबार) बिहान 9:30 ～ दिउँसो 2:40

जाडो बिदा : डिसेम्बर मध्य ～ जनवरी प्रारम्भसम्म　　वसन्त बिदा : फेब्रुअरी मध्य ～अप्रील प्रारम्भसम्म

गर्मी बिदा : जुलाई मध्य ～सेप्टेम्बर प्रारम्भसम्म

## 3. आवेदन योग्यता

(1) ～ (3) मा उल्लिखित सबै शर्तहरू पूरा गरेका आवेदकहरू मात्र योग्य हुनेछन्।

(1) विदेशी मुलुकमा नियमित **12 वर्ष**को विद्यालय शिक्षा पूरा गरेका व्यक्ति,
वा सो सरह वा सोभन्दा माथिको शैक्षिक योग्यता भएको मान्यता प्राप्त व्यक्ति

(2) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीद्वारा मान्यता प्राप्त 「**मान्यता प्राप्त जापानी भाषा शिक्षण संस्था**」 वा
「**न्याय मन्त्रीद्वारा आधिकारिक रूपमा तोकिएको जापानी भाषा शिक्षण संस्था**」 मा **1 वर्ष** वा **सोभन्दा बढी अवधि**
जापानी भाषा शिक्षा प्राप्त गरेका व्यक्ति,
वा **विद्यालय शिक्षा ऐनको धारा1 मा व्यवस्था गरिएका विद्यालयहरू**मा **कम्तीमा1 वर्ष** वा **सोभन्दा बढी अवधि** शिक्षा प्राप्त गरेका व्यक्ति

(3) जापानमा अध्ययन अवधिभरको शिक्षण शुल्क तथा जीवनयापन खर्च वहन गर्न सक्ने **पर्याप्त आर्थिक क्षमता** भएका व्यक्ति

## 4. आवेदन कागजातहरु

(1) **भर्ना आवेदन फारम** (फोटो १ प्रति टाँस्नुहोस्  ठाडो ४ से.मी × तेर्सो ३ से.मी)
(2) **विद्यार्थी परिचय पत्रका लागि फोटो फारम** (फोटो १ प्रति टाँस्नुहोस् ठाडो ४ से. मी × तेर्सो ३ से.मी)
(3) **आवेदक विवरण फाराम**
(4) जापानी भाषा विद्यालय **हाजिरी प्रमाणपत्र**, **अपेक्षित स्नातक प्रमाणपत्र** र **ट्रान्सक्रिप्ट**
(5) आफ्नै देशको अन्तिम विद्यालयको **स्नातक प्रमाणपत्र** र **ट्रान्सक्रिप्ट**
(6) **पासपोर्ट** र **जाइरियू कार्ड**
(7) **राष्ट्रिय स्वास्थ्य बीमा कार्ड**, **योग्यता सूचना पत्र** वा **योग्यता पुष्टि पत्र**
(8) **खर्च वहन विवरण** (आवेदकको नाममा रहेको सम्पूर्ण बैंक पासबुकका सबै पृष्ठहरू)
(9) **पछिल्लो निवासी करको कर निर्धारण** (वा **कर नलागेको**) **प्रमाणपत्र** तथा **कर तिरेको प्रमाणपत्र**

माथिका कागजातहरू विद्यालयमा सिधै बुझाउनुहोस् वा हुलाकमार्फत पठाउनुहोस्। पेश गरिएका कागजातहरू फिर्ता गरिने छैनन्।

## 5. छनौट विधि

आवेदन प्राप्त भएपछि कागजात परीक्षण गरिनेछ। त्यसपछि जापानी भाषा लिखित परीक्षा (JLPT N2 सरह) तथा अन्तर्वार्ता सञ्चालन गरिनेछ। **छनौट शुल्क लाग्ने छैन**। नतिजा हुलाक मार्फत आवेदकको नाममा पठाइनेछ।

## 6. शिक्षाशुल्क तथा भर्ना प्रक्रिया

उत्तीर्ण भएका व्यक्तिहरूले तल उल्लेखित शिक्षाशुल्क बुझाई भर्ना प्रक्रिया पूरा गर्नुहोस्।

| | पहिलो वर्षको शिक्षाशुल्क | | दोस्रो वर्षको शिक्षाशुल्क |
|---|---|---|---|
| | एकमुष्ट भुक्तानी गरेमा | तीन किस्तामा भुक्तानी गरेमा | |
| भर्ना शुल्क | 200,000 येन | 200,000 येन | — |
| ट्युशन शुल्क | 750,000 येन | 750,000 येन | 750,000 येन |
| शिक्षण सामग्री・प्रशिक्षण शुल्क | 30,000 येन | 30,000 येन | 30,000 येन |
| सुविधा शुल्क | 200,000 येन | 200,000 येन | 200,000 येन |
| जम्मा | 1,180,000 येन | 1,180,000 येन | 980,000 येन |
| अन्तर्राष्ट्रिय विद्यार्थी छात्रवृत्ति | −250,000 येन | −200,000 येन | −50,000 येन |
| कुल | **930,000** येन | 980,000 येन | 930,000 येन |

(1) पहिलो वर्षको शिक्षाशुल्क सम्बन्धमा निम्न ① वा ② मध्ये कुनै एक विधिबाट भुक्तानी गर्नुहोस्।

① एकमुष्ट भुक्तानी गर्ने अवस्थामा : 930,000 येन 「उत्तीर्ण भएको सूचना」 सँगै संलग्न गरिएको 「पहिलो वर्षको शिक्षाशुल्कको सूचना」 मा उल्लेख गरिएको मितिसम्म भुक्तानी गर्नुपर्नेछ।
शिक्षाशुल्क पूर्ण रूपमा भुक्तानी गर्नेहरूका लागि, 2026/7 पछि 「**भर्ना अनुमति पत्र**」 जारी गरिनेछ।

② तीन किस्तामा भुक्तानी गर्ने अवस्थामा : 980,000 येन निम्नानुसार भुक्तानी गर्नुपर्नेछ।
- पहिलो किस्ता : 300,000 येन 「पहिलो वर्षको शिक्षाशुल्कको सूचना」 मा उल्लेख गरिएको मितिसम्म भुक्तानी गर्नुहोस्।
- दोस्रो किस्ता : 300,000 येन **2026/8/21 (शुक्रबार)** सम्म भुक्तानी गर्नुपर्नेछ।
  दोस्रो भुक्तानी पश्चात 「**भर्ना अनुमति पत्र**」 जारी गरिनेछ।
- तेस्रो किस्ता : 380,000 येन **2027/1/29 (शुक्रबार)** सम्म भुक्तानी गर्नुपर्नेछ।

(2) दोस्रो वर्षको शिक्षाशुल्क सम्बन्धमा 930,000 येन निम्नानुसार भुक्तानी गर्नुहोस्।
- दोस्रो वर्षको सम्पूर्ण शिक्षाशुल्क : **2027/9/10 (शुक्रबार)** सम्म भुक्तानी गर्नुहोस्।

(3) भर्ना रद्द सम्बन्धी
शिक्षाशुल्क बुझाइसकेपछि कुनै अपरिहार्य कारणले भर्ना रद्द गर्नुपरेमा 2026/9/30 (बुधबार) भित्र भर्ना रद्द निवेदन पेश गर्ने व्यक्तिलाई नियम「18 文科高第 536 号」 अनुसार भर्ना शुल्क बाहेकको ट्युशन शुल्क आदि फिर्ता गरिनेछ। 2026/10/1 (बिहीबार ) पछि कारण जे भए पनि बुझाइएको शिक्षाशुल्क फिर्ता गरिने छैन।

यो दस्तावेज जापानी भाषामा तयार गरिएको भर्ना मार्गदर्शिकाको आधारमा तयार गरिएको अनुवाद संस्करण हो। सामग्री वा व्याख्यामा कुनै भिन्नता देखिएमा जापानी भाषाको भर्ना मार्गदर्शिका नै आधिकारिक मानिनेछ।

**प्रोफेसनल ट्रेनिङ कलेज**
**नाकानो स्कूल अफ बिजनेस**
**सम्पर्क 0422-48-2004**

भाइबर
फेसबुक